# राजापुर नगरसभाको १० औं नगर अधिवेशनमा नगर उप प्रमुख श्री मनकला कुमारी चौधरीद्वारा प्रस्तुत

आ.व. २०८३/०८४ को

वार्षिक नीति तथा कार्यक्रम

राजापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

राजापुर, बर्दिया

लुम्विनी प्रदेश, नेपाल

२०८३ असार ०७ गते

राजापुर नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम, २०८३/२०८४

**सभाबाट स्वीकृत मिति : २०८३।०३।०९**

**प्रमाणिकरण मिति : २०८३।०३।२२**

राजापुर नगरपालिकाको १० औँ गरिमामय नगरसभामा उपस्थित सभा अध्यक्ष तथा सभा सदस्यज्यूहरु,

राजापुर नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्ने अवसर प्राप्त गरेको छु । यस १० औँ गरिमामय नगरसभामा राजनैतिक परिवर्तनको लागि जनयुद्ध, जन- आन्दोलन, थारु आन्दोलन, मधेश आन्दोलन, वि. स. २०८२ भदौ २३ र २४ गतेको जेन-जी आन्दोलन लगायत विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाईते तथा अपांङ्ग हुनुभएका योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको संविधान बमोजिम मुलुकमा संघीयता संस्थागत भएको छ । नेपालले अनेकौँ आरोह-अवरोह र लामो एकात्मक शासन प्रणाली पश्चात संघीय प्रणालीको अवलम्बन गरेको छ । मुलुकको दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि संघीयताको सफल कार्यान्वयन नै हाम्रो निशाना हो । संविधानले परिकल्पना गरेका संरचनाहरु स्थापना र क्रियाशील हुदै गएका छन् । संविधानले व्यवस्था गरेका नागरिकका मौलिक हकहरु प्रचलन गराउनुपर्ने विषय सबै तहको सरकारका दायित्वको रुपमा रहेका छन । राजनीतिक आन्दोलनले पूर्णता पाईसकेको अवस्थामा अब जनताको आर्थिक समृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने अवस्थामा हामी आईपुगेका छौ ।

"कृषि, पर्यटन, शिक्षा र पूर्वाधार, समृद्ध राजापुरको मुल आधार" निर्माणको लागि नगरमा नीतिगत, कानुनी र संस्थागत आधार तयार भई नगरपालिकाबाट सम्पादन गर्नुपर्ने कार्यले निरन्तरता पाएका छन् । स्थानीय सरकारले प्राप्त गरेका उपलब्धिलाई संस्थागत गर्दै संघीयताको मर्म अनुरूप नगरवासीहरुमा थप आशा भरोसा पैदा गर्न आर्थिक सामाजिक रुपान्तरण बढाउन मुख्य गरी सुशासन र जनउत्तरदायी शासन प्रणाली स्थापना गर्न स्थानीय सरकार प्रतिबद्ध रहेको छ ।

नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकार कार्यान्वयनका लागि नेपाल सरकारले गरेको दीर्घकालीन महत्वका निर्णय, १६ औँ आबधिक योजना, प्रादेशिक योजना, दिगो विकास लक्ष्य, संघ तथा प्रदेश सरकारका क्षेत्रगत नीतिहरु र कार्यनीतिहरुलाई आधारको रुपमा लिई स्थानीय सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तय गर्न निम्न विषयलाई जोड दिएको छ ।

१. सेवा प्रवाह, संस्थागत क्षमता अभिवद्धि र सुशासन कायम गर्ने।

२.आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने।

३. उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त हुने।

४. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान दिने।

५. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवद्धि गर्ने।

६. दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने।

७. स्थान बिशेषको कला संस्कृति र पहिचान प्रवर्द्धन गर्ने।

८. लक्षित वर्गका जीविकोपार्जनमा सघाउ पुर्याउने।

सभाध्यक्ष महोदय,

१. नगरपालिकाले सुशासनलाई समृद्ध नगरपालिकाको आधारशिलाका रुपमा ग्रहण गर्दै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान र सामाजिक उन्नतिलाई अभियानका रुपमा अघि बढाउने लक्ष्य लिइनेछ।

२. नगरपालिकाको कार्यसम्पादनलाई पारदर्शीता र जवाफदेहिता कायम हुने गरी छिटोछरितो, गुणस्तरीय र प्रविधिमैत्रि बनाइनेछ। विद्युतीय सेवा प्रवाहबाट नगरपालिकाको कार्य सम्पादन गर्ने प्रणालीको विकास तथा विस्तार गरी विद्युत्तीय शासन (E-Governance) लाई कार्यान्वयन गर्ने नीति लिईनेछ।

३. १० वटै वडा कार्यालयबाट संकलन हुने राजश्वलाई Internet Computer System बाट नगरपालिकाको केन्द्रिकृत राजश्व प्रणालीमा आवद्ध गराउने कार्यलाई व्यवस्थित गर्दै लगिनेछ।

४. आन्तरिक स्रोतको परिचालनबाट नगरको वित्तिय सवलिकरण र आर्थिक स्थायित्व कायम गरिनुका साथै नगरको वित्तिय पक्षलाई समग्र आर्थिक समृद्धिको मुल आधार बनाईनेछ।

५. नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, पारदर्शी, गुणस्तरीय र प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ। राजापुर नगरपालिकाका कर्मचारीले अतिरिक्त समय काम गरेवापतको कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधालाई निरन्तरता दिइनेछ।

६. राजापुर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरि दरबन्दीको पुनरावलोकन गरिनेछ। राजापुर नगरपालिकाको आवधिक योजना, क्षेत्रगत योजना, आयोजना बैंक, सडक सञ्जाल गुरुयोजन, डिजिटल प्रोफाईललाई समसामयिक अध्यावधिक गरिनेछ।

७. राजापुर नगरपालिकाको बरघर प्रणालीलाई थप व्यवस्थित गर्न बरघरहरुलाई प्रोत्साहन तथा क्षमता विकास लगाएतका कार्यक्रम संचालन गरिनेछ।

**सभाध्यक्ष महोदय,**

८. यसै आर्थिक वर्ष देखि भूमि प्रशासन सेवा अन्तर्गत मालपोत र नापी सम्बन्धि सेवा राजापुर नगरपालिकाबाटै प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

९. राष्ट्रिय भूउपयोग नीति बमोजिम कृषि भूमिलाई गैर कृषि प्रयोगमा निरुत्साहित गरिनेछ। कृषि भूमि व्यवस्थापनको उपयुक्त प्रविधि विकास गरी भूमिको वैज्ञानिक प्रयोगलाई बढावा दिइनेछ। राजापुर नगरपालिकाको डिजिटल प्रविधिद्धारा नापनक्सा तयार गर्न संघीय सरकार सँग पहल गरिनेछ।

१०. कृषकहरूलाई गुणस्तरीय बिउ उपलब्ध गराउनका लागि मूल बिउको उत्पादन गर्ने कृषकलाई अनुदानको व्यवस्था मिलाइनेछ। कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण नवप्रवर्तन तथा कृषक सम्मानका लागि ५०% अनुदानमा कृषि मेशिनरी सामाग्री हस्तान्तरण गरिनेछ। कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा रुपान्तरण गरिनेछ।

११. नवप्रवर्तनमा आधारित उद्योगीलाई प्रवर्धन गर्न स्टार्ट अप स्वरुप प्रविधि हस्तारण गरिनेछ।

१२. निजी क्षेत्र र गैर सरकारी संघ संस्थालाई स्थानीय सरकारको समग्र आर्थिक विकासको महत्वुर्ण खम्बाको रुपमा लिइ राजापुर नगरपालिकामा कृषिजन्य उद्योगको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

१३. बैदेशिक सहायतालाई स्थानीय सरकारको आवश्कता र प्राथमिकताका क्षेत्रहरुमा लगानीको लागि पहल गरिनेछ।

१४. उपभोक्ता हितलाइ ध्यानमा राख्दै कालोबजारी, सिन्डिकेट, कार्टेलिङ्ग आदी नियन्त्रण गरि बजारलाई स्वच्छ, प्रतिस्पर्धि र उपभोक्तामैत्री बनाइनेछ। कृषि उत्पादित तथा स्थानिय उत्पादित बस्तुहरुको दररेट निर्णधाण गरिनेछ। स्थानिय उत्पादनमा वृद्धि गरि आयात प्रतिस्थापन गरि निर्यात प्रवर्धन गर्ने नीति लिइनेछ।

१५. प्राङ्गारिक खेती प्रणाली विस्तारका लागि प्राङ्गारिक खेतीको उपयुक्त क्षेत्र तथा बाली तोकी आवश्यक गुणस्तरीय उत्पादन सामग्रीको उपलब्धता सुनिश्चित गरिनेछ। बगर खेतीलाई नमुनाको रुपमा विकास गरिनेछ। माटोको उर्वरा शक्ति परीक्षणको व्यवस्था गरिनेछ। माटोको उर्वरा शक्तिको अभिवृद्धिको लागि प्राङ्गारिक मल, गड्यौला मल तथा हरियो मललाई प्रवर्द्धन गरिनेछ।

१६. स्थानीय नश्लका गाई, भैसी, बाख्रा आदिको नश्ल सुधारका लागि उन्नत तथा वर्णशंकर जातका पशुपंक्षी वितरण गरिनेछ । हिउदे, बर्षे तथा बहुवर्षीय घाँस विकास कार्यक्रमहरू सञ्चालन गरी बाह्रै महिना हरियो घाँस उत्पादन गर्ने प्रविधि कार्यान्वयनमा ल्याइनेछ ।

१७. बाँझो सार्वजनिक जग्गा, नदी उकास, खोला किनारका जग्गाहरूलाई नगरपालिकाले तथ्याङ्क सङ्कलन एवं सूचीकरण गरी सामूहिक खेती एवं करार खेती गर्न आवश्यक व्यवस्था मिलाइनेछ । जग्गाधनी प्रमाण पूर्जा भएका तर भोगचलन नभएका नदी उकास जग्गा, सीमसार क्षेत्रहरुको भुमिकरमा सहुलियत प्रदान गरिनेछ ।

१८. प्रत्येक वडाहरूमा सङ्कलन केन्द्र तथा कृषि हाट बजार स्थापना र सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण विस्तार गरिनेछ । कृषि तथा पशुजन्य उत्पादनहरूको सुरक्षित र ढुवानीको लागि कृषि  एम्बुलेन्सको व्यवस्था गरिनेछ । विकास प्रक्रियालाई एकिकृत रुपमा लैजान एकिकृत नमुना गाउँ र एकिकृत नमुना वडाको रुपमा विकास गरिनेछ ।

१९. पशुजन्य महामारी तथा जुनोटिक रोग नियन्त्रणका लागि कार्यक्रम संचालन गरिनेछ । पशु कल्याण तथा छाडा पशु–कुकुर व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२०. यस क्षेत्रमा उत्पादन हुने दुधको बजारीकरणका लागि स्थापित दुग्ध चिस्यान केन्द्रलाई व्यवस्थित रुपमा संचालन गर्न प्रोत्साहन गरिनेछ । दुग्ध प्रशोधन गरि दुग्धजन्य परिकार बनाउनलाई विशेष प्राथमिकता दिइनेछ । पशुपालक कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै घाँस उत्पादनका लागि पकेट क्षेत्रहरु विकास गरिनेछ । दुध उत्पादनलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्न उत्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण गरिनेछ ।

२१. राजापुर नगरपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयमा बजारमा पाइने कोक, फेन्टा लगायतका चिसो पेय पदार्थमा प्रतिबन्ध लगाएर स्थानीय कृषि र पशुजन्य उत्पादनलाई प्रयोगमा ल्याइनेछ ।

२२. कृषि क्षेत्रलाई प्रतिस्पर्धी र उत्पादनमुखी बनाउन सिंचाई, कृषि सडक, ग्रामिण विद्युतिकरण,  थोक बजार, कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्र, मौसमी तथा बेमौसमी तरकारीलाई टिकाई राख्न यसै वर्ष कोल्डस्टोर निर्माण कार्य सम्पन्न गरिनेछ ।

२३. किसानहरुको कृषि उत्पादनमा बृद्धिका लागि रासायनिक मलको उपलब्धता गराउन संघीय र प्रदेश सरकारको समन्वयमा स्थानीय सहकारी मार्फत वितरण प्रणाली व्यवस्थित र प्रभावकारी बनाउन समय सीमालाई समेत मध्यनजर गरी सोही अनुसारको समय तालिका तय गरिनेछ ।

२४. दुग्ध, मासु, अण्डा तथा माछामा आत्मनिर्भरता अभिवृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता  दिइनेछ । नगरमा स्वच्छ, व्यवस्थित मासु पसल सुधार एवं व्यवस्थापन गर्न सहयोग गरिनेछ । मासुको

शुद्धता र मासु पसलको व्यवस्थापनका लागि उत्पादनमा आधारित अनुदानका साथै अनुगमन कार्यलाई समेत प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२५. नगर प्रमुख उद्यमशिलता आय आर्जन तथा सीप विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ र ५० प्रतिशत महिला उद्यमी उत्पादन गरिने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

२६. मावन बन्यजन्तु द्वन्द्वलाई न्यूनिकरण गर्ने र राहत प्रणालीलाई बीमा प्रणालीसँग एकिकृत गरिनेछ। मानव प्रकृती सहअस्तित्व कायम गरिनेछ। नेपाल भारत सीमानामा जंगलीजनावरबाट किसानको बालीनाली बचाउन उज्यालो सीमा सुरक्षा कार्यक्रमका साथै विद्युतीय तारबारलाई निरन्तरता दिइनेछ।

२७. नगरपालिकाको कार्यक्षेत्रभित्र रहेको सहकारीहरुलाई समय सापेक्ष सहकारीका पदाधिकारी/सदस्य/व्यवस्थापकलाई क्षमता अभिवद्धि र अभिलेखिकरण गरिनेछ। "एक सहकारी एक उत्पादन नीति" लिइनेछ। सहकारीको अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ।

२८. "स्वस्थ जीवनको अभियान विषादी रहित खानपान" अन्तर्गत नगरपालिका भित्र उत्पादन हुने प्राङ्गारिक/जैविक (Organic) तरकारी एवं फलफुलको अधिकतम प्रयोग सम्बन्धी प्रचार सामग्री निर्माण एवं सम्प्रेषण गरिने छ।

सभाअध्क्ष महोदय,

२९. अनिवार्य तथा निशुल्क शिक्षाको अधारभुत सिद्धान्त, विश्वव्यापी मान्यता तथा नेपालको संविधानको मर्म र भवना अनुरुप अनिवार्य तथा निशुल्क शिक्षालाई थप प्रभावकारी बनाइनेछ। भौगौलिक अवस्था, जनसंख्या, सामार्थ्य र पुर्वाधार विकासको स्थितिलाई आधार मानि अध्ययन अध्यापनलाई प्रभावकारी बनाउन आधारभूत तथा माध्यामिक विद्यालयलाई समायोजन गरि बिभिन्न कक्षामा शिक्षक बिद्यार्थी अनुपातलाई पुनराबलोकन गरिनेछ।

३०. **"सम्पूर्ण सरोकारवालाको साझा प्रण:सामुदायिक विद्यालयको गुणस्तर र गरिमा बढाउने अभियान"** कार्यक्रम संचालन गरि सामुदायिक विद्यालयको समग्र शैक्षिक वातावरण सुधार गर्न नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यापालिका सदस्य, बरघर, विद्यालय परिवार, स्थानीय समाजसेवी, शिक्षा प्रेमी तथा सम्बन्धित व्यक्तिहरुको सहभागितामा अभियान सञ्चालन गरिनेछ।

३१. **"आधारभुत शिक्षा पाउनु सबैको अधिकार:जसको कोही छैन, सहारा बन्छ स्थानीय सरकार"** भन्ने मुल नाराका साथ विद्यालय उमेर समुहका सबै बालबालिका लाई विद्यालयमा भर्ना गरि अनिवार्य आधारभूत शिक्षा सुनिश्चित पालिका घोषणा गरिनेछ साथै अतिविपन्न, विशिष्ट

क्षमता भएका, अभिभावक विहिन र अभिभावकले पालन पोषण गर्न नसक्ने बालवालिकालाई स्थानीय सरकारले अभिभावकत्व लिइ विशेष व्यवस्था गरि शिक्षा प्रदान गरिनेछ ।

३२. विद्यालयलाइ बालवालिकाको **दोस्रो घर** बनाउन प्रारम्भिक वालकक्षा सहित कक्षा १-३ को विद्यालय प्राङ्गणमा खेल सामाग्री, रमणीय वातावरण र कक्षाकोठामा शैक्षिक सामाग्री व्यवस्थापन गरि **पढौँ सिकौँ-सिकौँ सिकाउँ** अवस्थाको सृजना गरिनेछ । प्रारम्भिक वालविकास शिक्षिकालाई मन्टेश्वरी तालीम प्रदान गरिनेछ ।

३३. गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निशुल्क पहुच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सीपयुक्त एवम उत्पादनशिल जनशक्ति तयार गर्न, विद्यार्थिहरु बीचको सहकार्य, सकारात्मक संवाद र विचार आदान-प्रदान गर्न **"नगरप्रमुख सँग भलाकुसारी : शैक्षिक गुणस्तर अभिवृद्धिको तयारी"** अभियान संचालन गरिनेछ ।

३४. विद्यालयमा प्रारम्भिक तहदेखी नै सुचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमको रूपमा प्रयोग गरिनेछ । डिजिटल शैक्षिक सामाग्रीको प्रयोगलाई थप विद्यालयमा विस्तार गरिनेछ। विद्यालयमा AI Based प्रविधिद्धारा शिक्षण सिकाइ कार्यक्रम सुरुवात गरिनेछ ।

३५. विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन नियमित अनुगमन निरीक्षण र सुपरीवेक्षणलाई प्रभावकारी बनाउन स्थलगत र विद्युतीय दुबै प्रकारबाट हुने व्यवस्था मिलाइनेछ ।

३६. बिद्यालयको वातावरण, स्वच्छ सुन्दर हरियाली युक्त बनाई विद्यालयलाई वातावरणमैत्री हरित संस्थाका रुपमा विकास गरिनेछ । विद्यालय हातामा खानेपानी शौचालय खेलमैदान सरसफाइ किट, प्राथिमक उपचार बाकसको, अनिबार्य व्यवस्था गरिनेछ ।

३७. विद्यालय शिक्षकको निरन्तर पेशागत विकासको लागी तालीम, कार्यशाला, सेमिनार, अबलोकन भ्रमण, प्रतिबिम्बन शिक्षक नेटवर्क, सहकार्यताका रुपमा गरिने अनुसन्धान, मेन्टरीङ, कोचीङ आदी सन्चालन गरिनेछ ।

३८. निजी लगानीमा संचालित विद्यालयहरुको प्रचलित नियमानुसार प्रदान गर्नु पर्ने १० प्रतिशत छात्रबृत्तिलाई प्रभावकारी रुपमा कार्यान्वयन गराईनेछ । विपन्न, जेहेन्दार, विपन्न दलित अपाङ्गता भएका लक्षित वर्गहरुको पहिचान गरी निशुल्क छात्रबृत्ति प्रदान गरिनेछ।

३९. सबै विद्यालयका शिक्षक, प्रधानाध्यापक, कर्मचारी र पदाधिकारीको पेशागत आचारसंहिता तयार गरी लागु गरिनेछ । प्रधानाध्यापक, शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कन, प्रक्रियालाई पारदर्शी तथा नतिजामा आधारीत बनाउन कार्यसम्पादन सम्झौता गरिनेछ।

४०. **"सन्ततीको समुन्नति, समृद्धिको दिशा:अभिभावक जाने मात्र, परिवर्तन हुन्छ शिक्षा"** भावलाई कार्यान्वयन गर्न सबै विद्यालयहरुमा सन्ततीको समुन्नतीका लागि अभिभावक, विद्यार्थि र शिक्षकहलाई समावेश गरि उत्प्रेणात्मक अभिभावक शिक्षा संचालन गरिनेछ। कक्षा ८ र १० को सिकाई उपलब्धि वृद्धिका लागि अभिभावकको साझेदारीमा **सुनौला ९० दिन** कार्यक्रम संचालन गरिनेछ।

४१. विद्यार्थिहरुको क्षमता अभिवृद्धिको लागि अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ । विपन्न, असक्त, असहायहरुका लागि नि:शुल्क लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालन गरिनेछ।

४२. नगरपालिकाको विकासमा अपरिहार्य जनशक्ति विकासको योजना निर्माण गर्ने। पाठ्यक्रमले अपेक्षा र अनुसरण गरेका परियोजना कार्य र प्रयोगात्मक क्रियाकलाप गर्न उपयुक्त किसिमको शैक्षिक सामाग्री निर्माण, छपाइ र अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ । **"महिला शिक्षकको मातृत्व सम्मान गर्दै"** सुत्केरी बिदामा बस्ने शिक्षकको सट्टामा तत्काल बैकल्पिक व्यवस्थाको लागि स्वयंसेवक शिक्षकको व्यवस्थापन तथा **शिक्षक बैँकको** व्यवस्था गरिनेछ।

४३. विद्यालयमा विद्यार्थी भर्ना दर अभिवृद्धि गर्ने उद्देश्य राखी विद्यालयबाट छात्रछात्रा भागेर घर जाने होइन घरबाट भागेर विद्यालय जाने बानीको विकास गराउन वालविकास केन्द्रलाई नमूना बालविकास केन्द्रको रुपमा विकास गरिनेछ। विद्यार्थीले विद्यालय छाड्ने दरलाई शुन्यमा झार्ने नीति लिइनेछ । सम्पूर्ण वालवालिकाको विद्यालयमा पहुँच सुनिश्चित वडाका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

४४. प्राविधिक धार तर्फको शिक्षा विकास तथा विज्ञान विषयमा दस जोड दुईका कक्षा सञ्चालनको लागि प्रक्रिया अगाडि बढाइनेछ। प्राविधिक धार भएका विद्यालयका कक्षा ९,१०,११ र १२ का छात्रछात्राहरुलाई उद्यमशील बनाई रोजगार सिर्जना तर्फ उन्मुख गराइनेछ । छात्रछात्राहरुलाई "पढदै, कमाउदै, रमाउदै" को नीति अवलम्बन गरिनेछ।

४५. उच्च शिक्षाको पहुँचलाई सहज बनाउन नगरभित्र सञ्चालित क्याम्पसहरुको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ साथै जेहेन्दार तथा विपन्न छात्रछात्राहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्था गरिनेछ।

४६. विद्यालय कर्मचारी, बालविकास सहजकर्ता र सिकाइकेन्द्रका सहजकर्ताहरुलाई संघीय सरकारले बिनियोजन गरेको रकममा नगरपालिकाले न्यूनतम तलब भत्ताको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४७. प्रयोगात्मक सिकाई, सृजनात्मकता र नवप्रवर्तनको विकास, आत्मविश्वास र नेतृत्व क्षमतामा वृद्धि, समस्या समाधान गर्ने सीप, सहकार्य र सामुहिक भावना विकास गर्न विज्ञान तथा शैक्षिक सामाग्री प्रदर्शनी मेला संचालन गरिनेछ।

४८. आधुनिक सिकाइको आधार विकास गर्न, सिकाइमा आकर्षण बढाउन र शैक्षिक गुणस्तरमा रुपान्तरण गर्न संघीय सरकार सँग साझेदारी गरि एक विद्यालय एक स्मार्ट बोर्ड व्यवस्थापन गरिनेछ। आधारभुत तहका विद्यालयहरुमा ICT सामाग्री उपलब्ध गराइनेछ।

सभाध्यक्ष महोदय,

४९. स्वस्थ शिशुको जन्म लगायत सुरक्षित मातृत्व सम्बन्धी सम्पूर्ण सेवाको गुणस्तरीयता अभिवृद्धि गर्दै आमा र नवजात शिशुको स्वास्थ्य प्रवर्धन गरिनेछ। बिरामी हुने तथा ज्यान जोखिममा पर्ने सम्भावनालाई न्यूनीकरण गरिनेछ।

५०. बालबालिकाहरुमा स्वस्थ सक्रिय सक्षम सृजनशील र सकारात्मक सोच विकास गर्न आवश्यक वातावरण प्रबन्ध गरिनेछ । स्वस्थ ताजा र जैविक खानेकुराहरूको उत्पादन उपभोगको अवस्थालाई प्रबर्द्धन गर्दै नगरवासीहरूमा पौष्टिक तत्त्वको अभाव तथा अस्वस्थकर खानाबाट उत्पन्न भएका स्वास्थ्य समस्याको क्रमश न्यूनीकरण गरिनेछ।

५१. यौन तथा प्रजनन स्वास्थ्य र अधिकार संग सम्बन्धित शिक्षा सूचना र सेवामा नगरवासीहरूको पहुँच वृद्धि गरिनेछ।

५२. नगर क्षेत्रभित्रका सबै जेष्ठ नागरिकहरूलाई सम्मानपुर्ण मर्यादित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ। विभिन्न उमेर समूहमा हुनसक्ने स्वास्थ्य जोखिमहरू शीघ्र पहिचान गर्न नियमित रुपमा स्वास्थ्य परीक्षण सेवा र स्वास्थ्य शिविर सञ्चालनलाई विस्तार गरिनेछ।

५३. नगरक्षेत्र भित्र  बढ्दै गएको नसर्ने रोगको मारलाई मध्यनजर गर्दै संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा यसको रोकथाम तथा नियन्त्रण गरिनेछ। मानसिक स्वास्थ्य समस्याको न्यूनीकरण तथा उचित व्यवस्थापन गरिनेछ । आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई थप वैज्ञानिकरण गर्दै मूल प्रवाहीकरण गरिनेछ। आयुर्वेदिक पञ्चकर्म तथा प्राकृतिक चिकित्सा सेवा सहितको नागरिक आयोग केन्द्रको सेवा विस्तार गरिनेछ।

५४. विपद् वा महामारी भएका अवस्थामा तत्काल व्यवस्थापन गर्न सक्ने गरी नगरपालिका तथा नगरवासीको क्षमता विकास गरी नगर क्षेत्रभित्र हुनसक्ने सम्भावित विपद् तथा महामारी न्यूनीकरण तथा व्यवस्थापन गरिनेछ।

५५. आधुनिक सूचना प्रविधिको प्रयोग गरी संघ तथा प्रदेश सरकारसँगको समन्वयमा नगर क्षेत्रभित्रका स्वास्थ्य संस्था र कार्यक्रमहरुको सूचना वितरण बास्तबिक समयमा आधारित (Real Time) हुने गरी स्थानीय स्वास्थ्य सूचना प्रणालीको स्थापना र सञ्चालन गरिनेछ।

५६. नगर क्षेत्रभित्रको नियमित र आकस्मिक आवश्यकताको लागि आवश्यक पर्ने औषधी लगायत स्वास्थ्य समाग्रीहरुको आपूर्ती, भण्डारण र वितरणलाई व्यवस्थित गरिनेछ । राजापुर नगरपालिकामा सिकलसेल एनिमियाको चेकजाँच गर्ने केमिकलको अभाव नहुने व्यवस्था मिलाइनेछ।

५७. विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवालाई सुदृढ गर्दै हाल सञ्चालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई यथाशीघ्र १५ शैयाको हस्पिटलको रुपमा विस्तार गरिनेछ।

५८. विपन्न तथा असहाय वर्गहरूका स्वास्थ्य सेवा पहुँच अभिवृद्धि गर्न निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सघन रुपमा सञ्चालन गरिनेछ।

५९. स्वास्थ्य जीवन शैली प्रवर्धन, मानसिक स्वास्थ्य, आपतकालिन तथा विपद् व्यवस्थापन रणनिति, विद्युतीय स्वास्थ्य नीति, एआई जस्ता नविनतम प्रविधिहरुको प्रयोग, समावेशी, न्यायपूर्ण, सुलभ, दिगो र उत्तरदायी निति अवलम्बन गरिनेछ ।

६०. लागू पदार्थको नियन्त्रण मदिरा तथा सुर्तीजन्य पदार्थको बिक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गरिनेछ । अति विपन्न समुदायका महिला तथा बालबालिकाको पोषण सुधारका निमित्त विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

६१. क्षयरोग, एचआइभी एड्स लगायत सरुवा रोगको रोकथाम नियन्त्रण र निवारणका लागि प्रभावकारी सचेतनामूलक कार्यक्रम कार्यान्वयन गरिनेछ। सिकल्सेल एमेनिया तथा थालिसिमिया रोगको रोकथाम र निशुल्क उपचारको लागि उचित योजना बनाई कार्यान्वयन गरिनेछ । क्षयरोगमुक्त पालिका अभियान सञ्चालन गरिनेछ।

६२. रेबिज, सर्पदंश लगायत पशुजन्य र किटजन्य रोग जस्तै मलेरिया, डेङ्गु, स्क्रब टाइफस कालाजार रोगको रोकथाम नियन्त्रण र उपचारका लागि स्वास्थ्य संस्थाहरुमा सेवा विस्तार गरिनेछ।

६३. आमा सुरक्षा कार्यक्रम अन्तर्गत यस नगर भित्रका प्रसुति गृहमा प्रसुति सेवा लाई प्रभावकारी बनाउन सुत्केरी सेवाको लागि यस नगरभित्र रहेका एम्बुलेन्स सेवालाई नि:शुल्क रुपमा चौबिसै घण्टा सञ्चालन हुने गरी तयारी अवस्थामा राखी संचालन गर्ने गरिनेछ।

६४. नगरपालिकामा सिकलसेल सन्दर्भमा सचेतना कार्यक्रम, सिकलसेलको परिक्षण तथा उपचारको स्क्रिनिङ्ग शिविर संचालन गर्ने व्यवस्था मिलाइनेछ । सिकलसेल रोग पहिचान, रोकथाम

अभियान नियन्त्रण घोषणा कार्यक्रम सम्पन्न भए पश्चात सिकलसेल रोगको राष्ट्रिय उपचार केन्द्रमा सुचिकृत, आवश्यक उपकरण र जनशक्तिको लागि पहल गर्ने तथा प्रयोगशाला ब्यवस्थापन गरिनेछ।

६५. संघीय तथा प्रदेश सरकारको सहकार्यमा सर्पदंश उपचार केन्द्र निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

६६. महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य संस्थाको तल्लो इकाई भएको, समुदायसँग प्रत्यक्ष जोडिएको, विशेष गरी आमा र बच्चाको स्वास्थ्य सुधारमा खटिने भएको हुँदा निजहरुको सेवाको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन स्वरुप आवश्यक संचार रकमको व्यवस्थापन गरिनेछ।

६७. डेङ्गु रोग रोकथाम तथा नियन्त्रणका लागि समुदाय तथा विद्यालय सचेतना कार्यक्रम संचालन गरिनेछ। साथै डेङ्गु, मलेरिया, इन्सेफलाइटिस रोगहरुको रोकथाम तथा नियन्त्रणका लागी वयस्क लामखुट्टे तथा लार्भा खोज तथा नस्ट गर्न अभियान संचालन गर्न बहुनिकाय समन्वय मार्फत समुदायमा आधारित विभिन्न संघ संस्थालाई समेत परिचालन गरिनेछ।

सभाअध्यक्ष महोदय,

६८. यातायात सेवा नै विकासको मेरुदण्ड भएकाले सडक निर्माण कार्यलाई मापदण्ड बमोजिमको निर्माण प्रक्रिया अपनाइनेछ। विकास निर्माण गर्दा दिर्घकालिन लक्ष्य लाई मध्यनजर राखी निर्माण गरिनेछ।

६९. पूर्वाधार निर्माणका क्षेत्रमा जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। विकास निर्माणका योजनाहरु सञ्चालन गर्दा आउने अवरोध, बाधा र द्धन्दको निराकरण गर्न विवाद समाधान उपसमिति गठन गरि समन्वय र सहजिकरण गरिनेछ।

७०. नगरपालिका भित्र नागरिकलाई वस्ती सँग जोड्न राजापुर रिङ्गरोड निर्माण कार्यलाइ निरन्तरता दिन प्रदेश सरकार सँग पहल गरिनेछ। सडग गुरु योजना अनुसार मापदण्ड भन्दा कम चौडाई भएको सडकमा लगानी नगर्ने र थप विस्तारित हुने भित्रि सडक न्यूनतम मापदण्ड कायम गरिनेछ र सडकको फुटपाथलाई व्यवस्थापन गरिनेछ।

७१. संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा विभिन्न पक्की पुलहरु निर्माण गरिनेछ। संघीय सरकार र नगरपालिकाको संयुक्त साझेदारीमा सञ्चालित योजनाहरुलाई समयमा नै सम्पन्न गर्न सम्बन्धीत सरोकारवालाहरु सँग समन्वय गरिने छ।

७२. भैरहेका संरचनाहरुको नियमित मर्मत संभारको लागि मर्मत संभार कोषको व्यवस्था गरिनेछ । सोको लागि नगरबाट सञ्चालित हुने योजनामा विनियोजित रकमबाट १% प्रतिशतले रकम घटाइ मर्मत सम्भार कोषमा जम्मा गर्ने नीतिलाई लिइनेछ ।

७३. समुदायका घरहरु भुकम्प प्रतिरोधी बनाइ सुरक्षित आवास निर्माणका लागि सुरक्षित शहर मापदण्ड कडाइका साथ लागु गरिनेछ र अनलाईन घरनक्सा प्रणालीको विकास गरिनेछ । राजापुर नगरपालिका अन्तरगतका सम्पूर्ण सार्वजनिक कार्यालयहरुमा स्तनपान कक्ष विस्तार गरिनेछ ।

७४. आर सि सि सिमेन्टका घर मात्र नभई अन्य मोडलका घर अनुसन्धान गरी बसोबासका लागि उपयुक्त र कम लगानीमा घर निर्माण हुने संघीय सरकार र प्रदेश सरकारको समन्वय र सहयोगमा नयाँ नीति लिइनेछ ।

७५. जोखिम स्थानमा छरिएर रहेका समुदायका घरहरु कम जोखिम हुने उच्च स्थानमा सार्नुपर्ने र विपन्न एवम लोपोन्मुख समुदायका व्यक्ति परिवार छनौट गरी एकिकृत वस्ती विकासको नीति लिइनेछ ।

७६. नगर भू-उपयोग योजानाले तोकेका स्थानहरुमा भवन निर्माण संहिताले निर्धारण गरेको मापदण्ड अनुसार व्यवस्थित, सुन्दर र सुविधा सम्पन्न बस्ती निर्माण गर्न घर धनीलाई प्रोत्साहन कार्यक्रम शुरु गरिनेछ ।

७७. यस नगरपालिका भित्र अब निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको अधिनमा रही पहुँचयोग्य र भूकम्प प्रतिरोधात्मक बनाइनेछ ।

सभाअध्यक्ष महोदय,

७८. नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ । राजापुर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास योजना) अध्यावधिक गर्न तथ्याङ्क संकलग गरि NWASH-MIS प्रणालीमा अध्यावधिक गरिनेछ ।

७९. राजापुर नगरपालिका अन्तर्गतका ६ वटा सामुदायिक विद्यालयहरुलाई नेपाल सरकारको खानेपानी तथा सरसफाई नीति अनुसार थ्री स्टार उन्मुख विद्यालय बनाइनेछ । सार्वजनिक स्थानमा फोहोरमैला संकलनका लागि Waste collection chamber dustbin को व्यवस्थापन गरिनेछ ।

८०. खानेपानीमा आर्सेनिक तथा कोलिफर्म लगायतका पानीको शुद्धिकरण सम्बन्धी परीक्षणको व्यवस्था गरी नागरिकलाई पीउने पानीको शुद्धिकरणको व्यवस्था मिलाइनेछ । समुदायस्तरमा एक घर एक धाराको नीति अवलम्बन गरिनेछ । सोको लागि खानेपानी ट्याङ्की निर्माण आयोजना निर्माणका लागि प्रदेश र संघीय सरकारसंग पहल गरिनेछ ।

८१. “म बनाउछु सुन्दर मेरो नगर ” कार्यक्रम अन्तर्गत मापदण्ड पुगेका सडकको किनारमा वृक्षारोपण गरि हरित राजापुर अभियान सञ्चालन गरिनेछ ।

८२. राजापुर नगरपालिका बाढी कटान र डुबानको उच्च जोखिममा रहेकोले संघीय र प्रदेश सरकारसँगको सहकार्यमा तटबन्धन कार्यलाई द्रुत रुपमा अघि बढाई राजापुरलाई सुरक्षित बनाइनेछ । राजापुर नगरपालिकामा आधुनिक सिचाई प्रणाली लागु गरिनेछ ।

८३. कुलापानी चौधर्या प्रणाली व्यवस्थापन गरि राजापुर नगरपालिकाका सिचाई कुलो मुहान सरसफाई, मर्मत तथा सम्भार कार्यलाई निरन्तरता दिइनेछ । राजापुर नगरक्षेत्र भित्र सरसफाई सम्वन्धी जनचेतना अभिवृद्धि तथा सरसफाई अभियानलाई निरन्तरता दिइनेछ ।

सभाध्यक्ष महोदय,

८४. राजापुर नगर क्षेत्र अन्तर्गतमा रहेका  करको दर घटाइ दायरा बढाउने र बढीभन्दा बढी व्यवसायीहरुलाई स्वस्फुर्त रुपमा कर तिर्न प्रोत्साहित गर्न नगरपालिकामा विविध कार्यक्रम सहित कर सप्ताह कार्यक्रम संचालन गर्ने तथा राजश्व संकलन कार्यलाई ब्यवस्थित र करको दर भन्दा दायरालाई फराकिलो गरी वडा कार्यालयबाटै कर, सेवा शुल्क, दस्तुर असुल गर्ने थप व्यवस्था मिलाइनेछ ।

८५. श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गरिनेछ । सबै करदाताहरुको सहभागितामा राजश्व अभिवद्धिगरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिदै लगिनेछ ।

८६. श्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थपरक र व्यवस्थित गर्न Computer Software को प्रयोगबाट Database का आधारमा कर शुल्क संकलन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

८७. आन्तरिक राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन भौतिक सुविधा सम्पन्न स्थान र दक्ष जनशक्तिको परिचालन गर्नुका साथै कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ।

८८. वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजि क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउदैं लगिनेछ । नगरपालिकालाई नियमित र बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्य निरन्तरता दिनईनेछ ।

८९. नगरपालिकाद्वारा गर्ने राजश्व सम्बन्धी निर्णय र आर्थिक कारोवारमा पारदर्शिता र सहभागिता प्रवर्द्धन गरिनेछ । वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सक्षम बनाई वित्तीय सूचनाको अभिलेख र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

९०. नगरको विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमिलाई पूर्ति गर्न संघ सरकार, प्रदेश सरकार, दातृ निकाय तथा संघ-संस्था र निजि क्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं बाह्य क्षेत्रका निकायसँग समन्वय गरी श्रोतको अधिकतम परिचालन गरिनेछ।

९१. नगरपालिकाको स्वामित्वमा भोगाधिकार रहेको र नगरपालिकाले संरक्षण र परिचालन गर्नसक्ने भवन, जग्गा, जमिन तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरिनेछ।

९२. नगरपालिकाको अधिकार क्षेत्र अन्तर्गत रु. दश लाख सम्मका पुँजी भएको व्यवसाय दर्ता प्रक्रियालाई सहज बनाइनेछ। (ई रिक्सा र अटो रिक्सा) साना सवारी साधनहरुको दर्ता प्रक्रिया अनिवार्य गरिनेछ। साथै उक्त सवारी साधनको दुरी अनुसारको भाडा दर निर्धारण गरिनेछ।

सभाध्यक्ष महोदय,

९३. विशिष्ट क्षमता भएका व्यक्तिप्रति गरिने सबै प्रकारको अन्धविश्वास, विभेद हिंसा र शोषणलाई नियन्त्रण र निवारण गर्न निरोधात्मक उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ। कार्यालय तथा सार्वजनिक स्थलहरूमा हुने विभेद एवं दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गरिनेछ।

९४. विपद्को अवस्थामा महिला, गर्भवती, सुत्केरी, बालवालिका, वृद्धा व्यक्ति, फरक क्षमता भएकालाई उद्धार, राहत, पुनर्लाभ तथा पुनर्स्थापनामा विशेष प्राथमिकता दिइनेछ।

९५. बालश्रम मुक्त, बालविवाह मुक्त, बालमैत्री पालिका, वातावरणमैत्री, पुर्ण सरसफाईयुक्त, पूर्ण साक्षर नगरपालिका बनाउने अभियानलाई निरन्तरता दिइनेछ। बालश्रम मुक्त र बालविवाह मुक्त वडा घोषणाका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ।

९६. सबै प्रकारका घरेलु हिंसा न्यूनीकरण गर्नका लागि महिला सशक्तिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ। बादी समुदाय, मुक्त कमलरी र विशिष्ट क्षमता भएका व्यक्तिहरुलाई जीविकोपार्जनका लागि सीपमुलक तालिमहरु संचालन गरि प्रविधि उपलब्ध गराइनेछ।

९७. राजापुर नगरपालिकामा विभिन्न दिवसिय कार्यक्रमको महत्व बारे जानकारी गराउन सरोकारवालाको सहभागितामा दिवसीय कार्यक्रमहरु संचालन गरिनेछ।

९८. न्यायीक समितिको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्न न्यायीक समितिका सदस्य लगायत मेलमिलापकर्ताहरुलाई क्षमता अभिवृद्धि गरिनेछ। मेलमिलापकर्ताहरुको मुद्धा फर्छौट गर्न लाग्ने यातायत खर्चको रकममा वृद्धि गरिनेछ। न्यायिक समितिबाट हुने काम कारबाही लाई छिटो, छरितो, चुस्त र पारदर्शी बनाइनेछ।

सभाध्यक्ष महोदय,

९९. नगरपालिकामा धर्म, संस्कृति, परम्परा संरक्षण र संवर्द्धनका लागि साँस्कृतिक महोत्सव लगायतका प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ। ऐतिहासिक, सास्कृतिक, धार्मिक सम्पदाहरु तथा पर्यटन क्षेत्रहरुको पहिचान गरि संरक्षण तथा पर्यटन प्रवर्द्धनका क्रियाकलाप संचालन गरिनेछ। राजापुर लाइ पर्यटन क्षेत्र स्थापित गर्नका लागि पर्यटन तथा रिभर गाइड तालीम संचालन गरिनेछ।

१००. यस नगर क्षेत्रभित्र रमणीय गेरुवा र कर्णाली नदीको आसपासमा पर्यटकहरु रमाउने उद्देश्यले गुणस्तरीय एवं Organic होटल (रैथाने बाली) तथा रिसोर्ट निर्माणको लागि नीजि लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ।

१०१. राजापुर नगरपालिका वडा न २ मा रहेको राष्ट्रिय थारु संग्रालयको संरचना निर्माणको पहल गरिनेछ। रमणीय प्राकृतिक सम्पदा अर्नहुवा (अर्नौह्वा) तालको संरक्षण तथा विकास गरिनेछ। वडा नम्बर १० मा रहेको निर्माणाधिन कोठियाघाट पिकनिक स्पोटलाई पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ। लोपउन्मुख जाति सोनाहा होमस्टे लगायत अन्य क्षेत्रमा थारु होमस्टे संचालन गर्न प्रोत्साहन गरिनेछ। पर्यटनको सम्भावना रहेको गाउँलाइ होमस्टे गाउँ निर्माणको लागि पहल गरिनेछ।

महोदय,

१०२. प्रत्येक वडामा आपतकालीन उद्धार समुह गठन गरि उनीहरुलाई तालिम प्रदान गरिने छ।

१०३. विपद व्यवस्थापन कोषमा प्रयाप्त रकम विनियोजन गरि सम्भाव्य विपद् पूर्व सावधानीका उपाय र विपद् पश्चात हुने क्षति न्यूनीकरण र राहत तथा पुनर्स्थापना कार्यलाई थप प्रभावकारी ढङ्गले व्यवस्थापन गरिनेछ।

१०४. नगरका सार्वजनिक प्रकृतिका क्षेत्रहरुको अतिक्रमण बढ्दै गएकोले प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा सार्वजनिक जग्गा संरक्षण उपसमिति गठन गरि सम्बन्धीत वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरण लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गरिनेछ।

१०५. सौर्य उर्जाको प्रयोग गरी विद्युत्तीय उर्जाको खपत गर्नुपर्ने अवस्थालाई मध्यनजर गरी नवीकरणीय उर्जा र वैकल्पिक उर्जाको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ। वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र सँगको समन्वयमा विधुतिय चुलो, बायोग्यास, सुधारिएको चुलो सहुलियत दरमा वितरण गरिनेछ।

१०६. जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनका प्रयासले जलवायुजन्य हानी तथा नोक्सानीलाई कम गरी समुदायको अनुकुलन क्षमता र जलवायु उत्थानशिल विकासलाई प्रवर्द्धन गर्ने कार्यक्रम र क्रियाकलापहरु संचालन गरिनेछ।

१०७. आम सर्वसाधारण, बालबालिका र नागरिकको बानी व्यावहोरा बातावरण र जलवायु मैत्री बनाउन व्यक्ति, घरधुरी, विद्यालय र टोल टोलमा फोहरमैला व्यवस्थापन, निजि र सार्वजनिक जग्गामा बृक्षारोपण, पलास्टिकको न्यून प्रयोग, जैविक पदार्थ (फोहर, पराल, नल, ढोड, पलास्टिक डढाउने कार्य पुर्ण रुपमा रोक लगाउने) सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ।

१०८. नगरपालिका भित्र रहेका संम्वेदनशिल र जोखिममा रहेका सिमसार, पोखरी (चटिया), तालतलैयाहरुको संरक्षण गर्ने कार्यक्रम समावेश गरी स्थानीय महिला, युवा र सामाजिक संघ सस्थाहरुको सहभागितामा बातावरण संरक्षण जलवायु परिवर्तनको स्थानीय अनुकुलन योजनाहरु संचालन गरिनेछ।

१०९. ड्रोन क्यामेराको प्रयोग मार्फत विपतको समयमा उद्दार र राहत वितरणलाई प्रभावकारी बनाइनेछ साथै अटोमेटिक साइरनको व्यवस्था गरिनेछ। विपद् न्युनिकरण तथा व्यवस्थापनका लागि संघ, प्रदेश सरकार सँग समन्वय गरिनेछ।

११०. प्रत्येक महिनाको अन्तिम शुक्रबार लाई डिजेल र पेट्रोल रहित सवारी साधन (कार-फ्री डे) घोषणा गरि कार्वन उत्सर्जनन् न्युनिकरणको अभियान चलाइनेछ।

१११. दिगो विकास लक्ष्यको स्थानीयकरण र सूचनामा आधारित आयोजना प्राथमिकरण गरिनेछ। दिगो विकास लक्ष्य कार्यान्वयनमा निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, गैर सरकारी क्षेत्र र अन्य सबै सरोकारवाला सँगको सहकार्यलाई थप प्रभावकारी बनाईनेछ।

महोदय,

११२. नगर भित्रका बेरोजगार युवा/युवतीहरुलाई स्वरोजगार बनाउन स्थानीय श्रोत साधनको उपयोग हुने गरि परम्परागत पेशा तथा आधुनिक सीप सँग साक्षात्कार गराउन बिभिन्न किसिमका तालिमहरु संचालन गरिने छ। साथै दलित समुदायको सीप र कलालाई आधुनिकीकरण गर्नका लागि तालिम र सामग्रीको व्यवस्था गरिनेछ।

११३. रोजगारी श्रृजना गर्नका लागि युवा उद्यमी तथा व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ।युवाहरुलाई पुनर्वल बढाउने सकरात्मक सोच सम्बन्धी तालिम सञ्चालन गरिनेछ। युवाहरुमा रहेको प्रतिभा प्रस्फुटन गर्ने अवसरको सिर्जना गरिनेछ। साथै महिला खेलाडीहरुलाई प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ।

११४. खेलप्रति रुचि बढाउन मेयर कप, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता खेलकुद कार्यक्रमहरु सञ्चालन गर्दै उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ । खेलकुद तथा स्काउट कार्यक्रम आयोजना गरी युवा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ । खेल क्षेत्र विकासको लागि रंगशालाको निर्माणको लागि पहल गरिनेछ ।

११५. नगर क्षेत्रभित्रका बेरोजगारहरुको पहिचान गरि संघीय सरकारको राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्न थप क्षेत्रहरुको पहिचान गरि रोजगार कार्यक्रम अगाडी बढाईनेछ । वैदेशिक रोजगारमा जाने युवाहरुलाई श्रम सम्बन्धि अभिमुखिकरण गरिनेछ । श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि क्रियाकलाप सञ्चालन गरिनेछ ।

११६. स्थानीय स्तरमा रोजगारीका थप अवसरहरु सृजना गर्न लघुउद्धम विकास कार्यक्रमद्धारा प्राविधिक तथा व्यवसायिक तालिम संचालन गरि व्यवसाय संचालन गर्न प्राविधिक सहायता प्रदान गर्नुका साथै व्यवसाय शुरु गरेका व्यक्तिहरुका लागि प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

११७. बैदेशिक रोजगारबाट फर्केका तथा भिषा स्वीकृतिभै जान नपाएका बेरोजगार युवाहरुलाई रोजगार सीप तथा उद्धमशील सेवा केन्द्रमा सूचीकृत गरि लघु उद्धम विकास कार्यक्रमद्धारा रोजगारीका अवसरहरुमा प्राथमिकता दिइनेछ ।

११८. बेरोजगार, शहिद तथा बेपत्ता परिवारलाई द्धन्द पिडित, अति विपन्न समुदायका व्यक्तिहरुका लागि आय आर्जन उद्यमशिलता तथा जीविकोपार्जन कार्यक्रम निरन्तरता दिइनेछ साथै नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११९. समुदायमा हुने बिकृती तथा परम्परागत प्रथा व्यवहारका कारण हुने समुदाय विवादलाई वडा स्तरको मेलमिलाप सहजकर्ताको माध्यमबाट समाजमा सदभावको भावना कायम गर्ने नीति लिइनेछ ।

१२०. विपन्न, असहाय र अति गरिव परिवारको लागि विशेष योजना बनाई कार्यान्वयन गरिनेछ ।स्थानीय संस्कृति, भेषभुषा रहनसहन लाइ जगेर्ना गरिनेछ । समुदाय सुधार योजना निर्माण गरिनेछ ।

१२१. समाजमा सकारात्मक सोंचको बिकास गर्न कुशल नेतृत्व तथा व्यक्तित्व विकासका लागि योग, ध्यान तथा प्रवचन जस्ता उत्प्रेरणात्मक (Motivation) कार्यक्रमहरु संचालन गरिनेछ ।

१२२. गैर सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारको रुपमा लिइनेछ र उनीहरुको क्षमता र अनुभवका आधारमा विकास प्रक्रियामा सहभागी र परिचालन गरिनेछ।

१२३. बेपत्ता ब्यक्तिका पत्निलाई मासिक जीविकोपार्जन भत्ता वितरणलाई निरन्तरता दिइनेछ ।

महोदय,

१२४. राजापुर नगरपालिकालाई कार्यक्षेत्र बनाइ सहकार्य गर्ने विकास साझेदार सँग समन्वय गरी समग्र दिगो विकासका लक्ष्यका सुचकलाई मुख्य आधार बनाई जनताको जिवनस्तर उकास्ने, उत्पादनमा बृद्धि गर्ने, जोखिम न्यूनीकरण गरी मानवीय सम्बेदनशिलतामा सहयोग पुर्याउने, जोखिम क्षेत्रमा बसोबास गरेका नागरिकलाई बस्ती विकासको योजना ल्याई समुदाय एकीकृत गर्ने, शिक्षा र स्वास्थ्यमा उच्च, दिगो गुणस्तरीय सेवा प्रदान गर्ने तथा कार्य सम्पादनमा विकास साझेदारसँग कार्य गर्ने सहज वातावरण श्रृजना गरिनेछ । यस्ता कार्यका लागि विकास साझेदार संस्थाको सहयोग अपरिहार्य भएकोले समन्वय गरिनेछ ।

आदरणीय नगरसभा अध्यक्षज्यू

प्रस्तुत नीति तथा कार्यक्रम प्रस्ताव गर्दा दिगो शान्ति, सुशासन, समृद्धि र विकासका लागि स्वस्थ र सक्षम जनशक्ति विकास गर्ने, विकासलाई समावेशी, जनमुखी, नतिजामुखी, सामाजिक न्यायमा आधारित बनाउने, सुशासन कायम गर्ने गराउने, सम्वृद्ध राजापुर नगरपालिकाको दीर्घकालीन उद्देश्य राखिएको छ । यो नीति तथा कार्यक्रम संघीय लोकतान्त्रिक शासन पद्धती, सामाजिक न्याय, समन्यायिक आर्थिक विकास, दिगो विकास लक्ष्य, शान्ति सुरक्षा संग सम्बन्ध राख्दछ । वार्षिक नीति तथा कार्यक्रमबाट विकासमा जनताको सहभागिताका साथै सबै खाले सामाजिक विभेदको अन्त्य, नागरिक सवलीकरण, ज्ञान र सीप तथा नवप्रवर्तनमा आधारित उत्पादन प्रणाली, प्रविधि विकास मार्फत श्रमको उत्पादकत्व वृद्धि हुनुको साथै यसले समाजवादको मार्ग प्रशस्त गर्दछ भन्ने मेरो विश्वास छ ।

अन्त्यमा, स्थानीय सरकारको दोश्रो कार्यकालमा निर्वाचित जनप्रतिनिधिहरु पूर्ण रुपमा जवाफदेही भई कार्य सञ्चलान भएको छ । राजापुर नगरबासीहरु प्रति राजापुर नगरपालिका पनि संविधानले गरेको परिकल्पना, राज्यले लिएको दीर्घकालीन उद्देश्य पुरा गर्न सदैव तल्लीन छ । राजापुर नगरपालिकाको यो महान अभियानमा साथ दिनुहुने सबै सक्रिय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, विभिन्न संस्थागत व्यक्तित्वहरु, वुद्धिजिवी, समाजसेवी, पत्रकार, उद्योगी व्यापारी, कर्मचारी, सुरक्षाकर्मी, जनप्रतिनिधि र सबै विकास साझेदारहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

मनकला कुमारी चौधरी
नगर उप - प्रमुख